नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

कर्पोरेट कार्यालय : तिनकुने, काठमाडौं, फोन नं.०१-५१९९६६४,५१९९६६५
E-mail: info@pfltd.com.np, Website : www.pfltd.com.np

# २६ औं बार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०९।२९**

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०८०/०९/१६ मा बसेको ५०९ औं बैठकको निर्णयानुसार संस्थाको २६ औं बार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा हुने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थिति तथा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० साल माघ २२ गते, सोमबार (तदनुसार फरवरी ५, २०२४)
समय : दिउसो ११:०० बजे ।
स्थान : ज्यापू प्रज्ञा भवन, भोलगणेश, ललितपुर म.न.पा वडा नं. ९, ललितपुर ।

**छलफलका विषयहरु:**

(क) सामान्य प्रस्तावहरु :-

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व.२०७८/०७९ को अन्तिम लेखापरिक्षण प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, यससँग सम्बन्धित अनुसूची लगायत लेखा सम्बन्धी टिप्पणी आदि विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री रन्जीव एण्ड एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)
४. सञ्चालक समितिमा बाँकी कार्यकालका लागि भएको संचालकहरुको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
५. संस्थापक समुह "क" तर्फका ३ (तीन) जना तथा सर्वसाधारण समुह "ख" तर्फका एक महिला सहित ३ ( तीन) संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।
६. विविध ।

### *साधारण सभा सम्बन्धी सामान्य जानकारी*

१. यस वित्तीय संस्थाको २६औं वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयर दाखिल खारेजको काम मिति २०८०/१०/०७ गते १(एक) दिन बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/१०/०६ गते सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेड,(तत्कालिन सनराईज क्यापिटल लिमिटेड) काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन् ।
२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु

हुन अनुरोध गरिन्छ। सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभा कक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ।

३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, पाको न्यूरोड वा वीत्तीय संस्थाको कर्पोरेट कार्यालय, तिनकुने, काठमाडौंमा बुझाई सक्नु पर्नेछ। प्रोक्सी फारम यस वित्तीय संस्थाको Website बाट Download गर्न सकिने छ।

४. कुनै बैंक, वित्तीय कम्पनी, गुठी, संगठित संस्था, कम्पनी वा नेपाल सरकारले कम्पनीको शेयर खरिद गरेको अवस्थामा त्यस्ताको तर्फबाट खटाइएको वा मनोनित गरेको प्रतिनिधिले मतदान गर्न पाउने छ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भएमा प्रोक्सी दिएको भएतापनि स्वतः बदर हुनेछ।

६. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसँग राखि आफु समेत सभामा उपस्थित हुने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन। सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई मात्र प्रतिनिधि मुकरर गर्नु पर्दछ। साथै प्रतिनिधि (प्रोक्सी) दर्ता गरी सकेपछि सो लाई बदर गरी अर्को प्रतिनिधिपत्र (प्रोक्सी) दिन चाहनेले सोको जानकारी ४८ घण्टाअगावै दिई सक्नुपर्नेछ।

७. नावालक वा विभिन्न शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न पाउने छ।

८. एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकरर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकरर गरेमा जुन पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।

९. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठीत संस्थाद्धारा मनोनीत व्यक्तिले ल्याउने प्रोक्सी फारममा संस्थाको छाप, अधिकृत व्यक्तिको दस्तखत हुनुपर्नेछ।

१०. साधारण सभाको काम कारवाही कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हुनेछ।

११. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका विहान १०:३० बजेदेखि खुल्ला रहनेछ।

१२. छलफलको विषयमध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा शुरु हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

१३. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासाहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।

१४. शेयरधनी महानुभावहरुको जानकारीको लागि वित्तीय संस्थाको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेवसाइट www.pfltd.com.np मार्फत उपलब्ध गराइनेछ।

१५. संचालकको निर्वाचन सम्बन्धि कार्यतालिका यस वित्तीय संस्थाको केन्द्रिय कार्यालयको सुचना पाटीमा सभा हुनुभन्दा ७ दिन अगावै टाँस गरिनेछ। बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, यस संस्थाबाट जारी विभिन्न निति तथा निर्देशिकाहरु, प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुमा उल्लेखित योग्यता पुग्ने शेयरधनी मात्र सञ्चालकको उम्मेदवार हुन सक्नेछ।

१६. साधारणसभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र वित्तीय संस्थाको कर्पोरेट कार्यालय, तिनकुने, काठमाण्डौमा सम्पर्क राख्न सकिने छ।

१७. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले साधारण सभासँग सम्बन्धित कागजातहरु बाहेक यथासक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ।